आज मिति २०७८।०२।२६ गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७८।०२।२६**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) सशस्त्र प्रहरी बल, नेपाल नं.८ गण हे.क्वा. धनुषाबाट उक्त कार्यालय हाता भित्र गोलघर निर्माण गर्न सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.०३ कार्यालयबाट हरिहरपुरमा प्रहरी चौकी स्थापनाको लागि सिफारिस गरिदिन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.११ स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडाका शिक्षकहरुको तलव भुक्तानी गर्न सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.५ कार्यालयबाट खटर राउतको छोरा श्री रामपृत राउतको शारिरिक अवस्था कमजोर भै हिडडुल गर्न कठिनाई भएको र आर्थिक अवस्था कमजोर भएकोले सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.१ कार्यालयबाट श्री राजदेव ठाकुरको छोरी श्री भावना ठाकुर सावरी दुर्घटना भई मष्टिस्कमा चोट लागेको हुंदा उपचारको लागि आर्थिक सहायता माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.९ कार्यालयबाट श्री टेक बहादुर श्रेष्ठको श्रीमती चमेली कुमारी श्रेष्ठको टाउकोको अपरेशन गर्न आर्थिक सहायता माग भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल नं.८ गण हे.क्वा.को च.नं.१४६८ मिति २०७८।०२।२१ को पत्रबाट उक्त गणको हाताभित्र गोलघर निर्माण कार्य भइरहेको हुंदा आवश्यक सहयोग गरिदिनु हुन भनी अनुरोध भएकोमा उक्त गोलघर निर्माण गर्न कन्टेन्जेन्सी शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.०३ कार्यालयको च.नं.१४९० मिति २०७८।०२।२० को पत्रबाट उक्त वडाको हरिहरपुरमा शान्ति सुरक्षाको लागि प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन माग भएको हुंदा प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडाको च.नं.९० मिति २०७८।०२।१६ को पत्रबाट उक्त विद्यालयका आधारभूत तहका अंग्रेजी माध्यमतर्फ अध्यापन गराउदै आउनु भएका शिक्षक शिक्षिकाहरुको २०७७ साल मंसिर महनिादेखि २०७८ साल आषाढ मसान्तसम्मको तलव भत्ताको अनुदान रकम रु.६,००,०००।- (अक्षरेपी छ लाख मात्र) विद्यालयको माग फाराम अनुसार कृषि विकास बैंक, ढल्केबर शाखामा निकासा गरिदिनु हुन अनुरोध भएकोमा उक्त तलवभत्ता भुक्तानीको लागि नगर शिक्षा कोषबाट रु.६,००,०००।- (अक्षरेपी छ लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.२३४४ मिति २०७८।०२।०२ को पत्रबाट खटर राउतको छोरा श्री रामपृत राउतको शारिरिक अवस्था कमजोर भै हिडडुल गर्न कठिनाई भएको र आर्थिक अवस्था कमजोर भएकोले सहयोगको लागि अनुरोध भएकोमा निजलाई नगर विपन्न कोषबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.१७०२ मिति २०७८।०२।०२ को पत्रबाट श्री राजदेव ठाकुरको छोरी श्री भावना ठाकुर सावरी दुर्घटना भई मष्टिस्कमा चोट लागेको हुंदा उपचारको लागि आर्थिक सहायता माग भएकोमा श्री भावना ठाकुरलाई औषधी उपचार गर्न अन्य सामाजिक सहायता शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय परित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.२००९ मिति २०७८।०२।२४ को पत्रबाट बेंगाडावर बस्ने श्री टेक बहादुर श्रेष्ठको श्रीमती चमेली कुमारी श्रेष्ठको टाउकोको अपरेशन भई उपचारको लागि टिचिङ अस्पताल, काठमाडौंमा रहेको हुंदा औषधी उपचार गर्न आर्थिक सहायता माग भएको सम्बन्धमा निजलाई औषधी उपचार गर्न अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय परित गरियो ।